# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बर्दघाट, नवलपरासी
## ५ नं. प्रदेश, नेपाल


प.सं: ०७६/०७७
च.नं: २६६३

मिति: २०७७/०१/१५

विषय: कोभिड-१९ को रोकथाम र नियन्त्रणमा सतर्कता सम्बन्धमा ।

श्री: वडा अध्यक्षज्यू
वडा नं. १ देखि १६ सम्मका वडा कार्यालयहरु (सबै)

प्रस्तुत विषयमा विश्वभर माहामारीको रुपमा फैलिएको नोभल कोरोना भाइरस (कोभिड-१९) को संक्रमण, रोकथाम तथा नियन्त्रण गरी सम्भावित संक्रमण, फैलावट र त्यसबाट निम्तिन सक्ने विपद् व्यवस्थापनका सम्बन्धमा बच्न एवम न्यूनिकरण गर्न र नगर क्षेत्र भित्र फैलन नदिन मिति:२०७७/०१/१५ को नगर कार्यपालिकाको बैठकबाट देहायवमोजिम गर्ने/गराउने भनि निर्णय भएकोले सोही अनुसार गर्नु/गराउनु हुन निर्णयानुसार जानकारी गराउदछु ।

तपशिल

१. मासुजन्य (कुखुराको मासु/माछा/खसी/राँगा/वंगुरको मासुहरु) विक्रि वितरण गर्ने पसलहरुमा भीडभाड नहुने, माक्स र स्यानिटाइजरको प्रयोग गर्ने र ग्राहकहरु बीच न्यूनतम १ मिटरको भौतिक दूरी कायम हुने गरी विहान ७:०० देखि ११:०० वजे सम्म सुधारीएका पसल तथा नगरपालिकामा सूचिकृत भएका व्यवसायीक पसलहरुबाट मात्र सञ्चालन गर्न सहजीकरण गर्ने र व्यवसायीले आफ्नो व्यवसायको लगत राख्ने । यदी अटेर गरेमा कार्वाहीको लागि सिफारिस गर्ने ।

२. मासुजन्य (कुखुराको मासु/माछा/खसी/राँगा/वंगुरको मासुहरु) विक्रि वितरण गर्न स्थानीय उत्पादनलाई प्राथमिकता दिने र अन्य स्थानीय तहबाट यस नगरपालिका भित्र आपूर्ति गर्न रोक लगाउने ।

३. नगरक्षेत्र भित्र उत्पन्न हुन सक्ने खाद्य संकटलाई मध्यनजर गर्दै यसको न्यूनिकरणको लागि कृषकको हितलाई ध्यानमा राखी नगर क्षेत्र भित्र रहेको कृषियोग्य जमिनको समुचित प्रयोग एवम् कृषि उपजको उत्पादन बढाउने उद्धेश्यले कृषकहरुलाई २५ प्रतिशत विउ खरिदमा अनुदान सहयोग स्वरुप निम्न वडामा देहायका सहकारी संस्थाबाट उन्नत जातको धानको विउ वितरण गर्ने व्यवस्था मिलाउने ।

| वडा नं. | संस्थाको नाम | कैफियत |
|---|---|---|
| वडा नं.१ देखि ७ सम्म साविक माकर<br>वडा नं. १२ र १३ साविक जहदा | श्री माकर बहुमुखी सहकारी संस्था लि. बर्दघाट-४ | |
| वडा नं. ८ देखि ११ सम्म साविक पञ्चनगर | श्री मधुवन कृषि बहुउदेश्यीय सहकारी संस्था लि. बर्दघाट-९ | |
| वडा नं. १४ देखि १६ सम्म साविक दाउन्नेदेवी | सृजनशिल विउ बैंक, बर्दघाट-१५, न.प. | |

४. कृषक लक्षित कार्यक्रम अर्न्तगत विशेष कृषि तथा पशुपन्छी उत्पादनमा नगरक्षेत्रमा रहेका कृषि तथा पशु पन्छी पालक कृषकहरुलाई व्यवसायमा आधारित (तरकारीको विउ/दुग्ध/घाँसको विउ) वन्दावन्दीको कारणबाट पर्न गएको क्षतिको विवरण संकलन तथा मूल्याँकन गरी नगर कार्यपालिकामा पठाउने ।

फोन नं: ०७८-५८०२१०, फ्याक्स : ०७८-५८०१४२ ईमेल:bardaghat.municipality@gmail.com

५. यस नगरपालिका अन्तर्गत रहेका कतिपय खेतीयोग्य जमिन जोताईका कारण बाँझो रहँदा कृषि उत्पादन बाहिरबाट आयात गर्नु पर्ने अवस्था सृजना भएकोले कृषि यान्त्रीकिकरण अन्तर्गत ट्रयाक्टरको भाडा दरमा एकरुपता कायम गर्न देहायवमोजिमको दररेट निर्धारण गरिएकोले तत्काल कार्यान्वयन गर्ने ।

| सि.नं. | जोताईको किसिम | प्रतिघण्टा दररेट रु. |
|---|---|---|
| १. | कल्टीबाट जोताई गर्दा | १२००/- |
| २. | रोटरीबाट जोताई गर्दा | १६००/- |
| ३. | कम्पाईन धान र गहु काट्ने | ५०००/- प्रति विगाहा |
| ४. | हाते ट्रेक्टर धान काट्ने | ९००/- |
| ५. | धान काट्ने ट्रेक्टर | १०००/- |
| ६. | ठ्रेसर मेसीन (लेवर सहित) | १८००/- |

६. कोरोना भाइरस (कोभिड-१९) को रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट घोषणा गरेको लकडाउन अवधिमा सुत्केरी भै समयावधि भित्र सम्बन्धित वडामा गै व्यक्तिगत घटना दर्ता गराउन छुट भएतापनि सुत्केरी भत्ता प्राप्त गर्न समयावधिको गणना गर्दा लकडाउनको अवधिलाई समेत गणना गरी सुत्केरी भत्ता उपलव्ध गराउने साथै ३५ दिन भित्रमा घटना दर्ता गर्नु पर्ने कानूनी व्यवस्था भएकोमा लकडाउनका कारण समयमै घटना दर्ता गर्न नसकि समयावधी कटेमा सो अवधिमा लाग्ने जरिवाना छुट गर्ने ।

७. यस नगरपालिका अन्तर्गत रहेको चिसापानी अस्पताल, चिसापानीमा कार्यरत चिकित्सक लगायतका स्वास्थ्यकर्मीहरुले सेवाप्रवाह पश्चात आ-आफ्नो घरमा फर्कि जान अप्ठ्यारो अवस्था सृजना भएकोले दैनिक खाना र बासको व्यवस्था मिलाईएकोले सो को व्यवस्थापनमा आवश्यक सहजीकरण गर्ने ।

८. आगामी दिनमा हुन सक्ने खाद्यान्न संकटलाई दृष्टिगत गरी सावधानी पूर्वक कृषि उत्पादनमा जोड दिने ।

९. सवारी पासको प्रयोजन र ढुवानी साधनको चलानी प्रयोजनको छडके जाँच गर्ने ।

(धीरज शर्मा बस्याल)
प्रमुख

**धीरज शर्मा बस्याल**
**नगर प्रमुख**

फोन नं: ०७८-५८०२१०, फ्याक्स : ०७८-५८०१४२ ईमेल:bardaghat.municipality@gmail.com